**गाउँ कार्यपालिकाबाट पारित**
**मिति २०८१/०२/३१**

# यजहदा गाउँपालिका

## गैरसरकारी संस्था (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०८१

**प्रस्तावना:**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई आफ्नो क्षेत्रको विकासको लागि श्रोत साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरण सहभागितात्मक रूपले गरी स्थानीय स्वायत्त शासन पद्धतिको विकास गर्ने उद्देश्य लिएको छ ।

यस उद्देश्य पूर्तिका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २५ उपदफा १ मा गैर सरकारी संघ संस्था, उपभोक्ता समिति सहकारी संस्था, लगायतका सामाजिक तथा सामुदायिक संस्थाले स्थानीय तहसंग समन्वय गरी कार्य गर्नुपर्ने उल्लेख गरिएको छ । उल्लेखित प्रावधानका आधारमा स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रमा पर्ने विकास निर्माणको लागि उपभोक्ता समूह, गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गरी ती मार्फत उक्त कार्यहरू गर्नु गराउनुपर्ने व्यवस्था गरिएको छ। उपरोक्त नीतिगत व्यवस्थाको प्रभावकारिताको लागि जहदा गाउँपालिका क्षेत्रभित्र काम गर्ने सम्पूर्ण गैह सरकारी संस्थासँगको सहकार्य, समन्वय, सहयोग, सहभागिता र परिचालनमार्फत विकासमा सहभागिता, कार्यान्वयनको पारदर्शिता र उद्देश्यप्रतिको जवाफदेहिता बृद्धि गर्दै समावेशी एवं मूलप्रवाहीकरणमार्फत समावेशी विकास एवं समन्यायीक प्रतिफल वितरण नीतिको अबलम्बन गर्नु अपरिहार्य भएको छ । यसै प्रावधानलाई ध्यानमा राखि गैर सरकारी संस्थालाई विकासको संरक्षण प्रारुपमा स्थापित गराउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि जहदा गाउँ कार्यपालिकाको मिति २०८१/०२/३१ गतेको बैठकबाट निर्णय पारित गरी यो निर्देशिका लागू गरिएको छ ।

### परिच्छेद १

१) संक्षिप्त नाम र प्रारम्भ :

क) यो निर्देशिकाको नाम "जहदा गाउँपालिका गैरसरकारी संस्था (संचालन तथा व्यवस्थापन) निर्देशिका २०८१ रहनेछ ।

(ख) यो निर्देशिका राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउने छ।

(ख) "गाउँसभा" भन्नाले स्थानीय सरकार संचालन २०७४ को दफा ०२ को ६ बमोजिमको जहदा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

विनोद कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ग) "गाउँपालिका" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २ को च मा व्यवस्था भए बमोजिम जहदा गाउँपालिकालाई जनाउने छ ।

(घ) "प्रमुख " भन्नाले स्थानीय सरकार संचालन २०७४ को दफा २ को (ड) मा व्यवस्था भए बमोजिम जहदा गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित व्यक्तिलाई जनाउने छ ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्नेछ ।

(च) "गाउँस्तरीय गैर सरकारी संस्था संचालन समिति" भन्नाले गाउँपालिकास्तरमा गठन भएको गैर सरकारी संस्था संचालन समितिलाई जनाउने छ ।

(छ) "संयोजक" भन्नाले जहदा गाउँपालिकाको गैरसरकारी संस्था संचालन समितिको संयोजकलाई जनाउने छ ।

(ज) "सदस्य सचिव" भन्नाले जहदा गाउँपालिकाकाको गैरसरकारी संस्था संचालन समितिका सदस्य सचिवलाई जनाउने छ ।

(झ) "सदस्य" भन्नाले संयोजक लगायत जहदा गाउँपालिकाको गैरसरकारी संस्था संचालन समितिका सदस्यहरुलाई जनाउने छ ।

(ञ) "बैठक" भन्नाले जहदा गाउँपालिकाको गैरसरकारी संस्था संचालन समितिको बैठकलाई जनाउने छ।

## परिच्छेद २

### ३) लक्ष्य तथा उद्देश्य

स्थानीय शासन प्रक्रियामा स्वस्फूत र स्वायत्त रुपमा गठित गैससको माध्यमद्वारा सामाजिक परिचालनबाट पिछडिएका क्षेत्र तथा वर्गका महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् दलित समुदायको स्थिति तथा आर्थिक, सामाजिक स्तरमा सुधार ल्याई सुसंस्कृत, समतामूलक, सशक्त एवम् सहभागितात्मक प्रक्रियाद्वारा समुन्नत समाजको स्थापनाको लागि स्थानीय तह र गैर सरकारी संस्थाहरुबीच पारस्परिक सद्भाव अभिवृद्धि गरी विकासका सहयात्रीको रुपमा कार्यक्रम संचालनमा सहयोग पुर्याउनु यस निर्देशिकाको लक्ष्य हुनेछ । उपरोक्त लक्ष्य पूरा गर्न देहायका उद्देश्यहरु प्रासीमा जोड दिईनेछ ।

क) स्थानीय तह सेवामुखी व्यवहार, सुसंस्कार र पारदर्शितामा जोड दिँदै सहभागितामूलक रूपमा स्थानीय तहबाट सञ्चालन गरिने विकास क्रियाकलापहरुलाई संस्थागत प्रणालीको विकासमा सहयोग पुर्‍याउने।

ख) विकास प्रयासको पहुँच नपुगेका समुदाय र वर्गबाट हुने योगदानको कदर गर्दै सामाजिक तथा आर्थिक रुपमा तिनलाई आत्मनिर्भर र सशक्त बनाउने कार्यमा साझेदारको रुपमा काम गर्न सहयोग पुर्‍याउने।

विनोद कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

ग) सामाजिक-आर्थिक क्रियाकलापमा पिछडिएको वर्ग, जाति र क्षेत्रका साथै त्यहाँका महिला तथा पुरुषको संलग्नता, सहभागिता, भूमिका तथा योगदानलाई समान ढंगले अभिवृद्धि गर्दै उनीहरुको अधिकारको संरक्षण गर्ने कार्यमा सघाउ पुर्‍याउने ।

घ) गाउँ क्षेत्रभित्र रहेका सम्पूर्ण गैर सरकारी संस्थाहरुको अनुगमन, मूल्यांकन, नियमन निर्देशन र नियन्त्रण) को व्यवस्थापन गर्ने ।

ङ) गाउँ क्षेत्रभित्र समस्त गैर सरकारी संस्थाहरुको गतिविधि तथा कृयाकलापहरुलाई गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप नै मूल प्रवाहिकरणमा ल्याउने ।

च) गाउँ क्षेत्रभित्र रहेका गैससहरुको वार्षिक तथा अर्धवार्षिक रुपमा प्रगतिको समीक्षा र मुल्याङ्कन गरि पुरस्कार र दण्डको व्यवस्था गर्ने ।

छ) गाउँ क्षेत्रभित्र रहेका गैससहरुको प्रोफाईल तयार गरि सूचनालाई अद्यावधिक गर्ने।

ज) गाउँ क्षेत्रभित्र रहेका गैससहरुका कृयापकलापहरुमा दोहोरोपन न्यूनिकरण गर्दै एकद्वार प्रणाली कायम गर्ने ।

## परिच्छेद ३

## गैरसरकारी संस्था संचालन सम्बन्धी सिद्धान्त, रणनीति तथा नीतिः

१) गैर सरकारी संस्था संचालन सम्वन्धी सिद्धान्तहरु :

गैर सरकारी संस्थाको कामलाई पारदर्शी, सहभागितामूलक तथा उपलब्धीमुलक बनाउनकालागि संस्था सञ्चालन सम्वन्धी सिद्धान्त, रणनीति तथा नीतिहरु निर्माण गरी लागु गरिनेछ । यसकालागि देहायका सिद्धान्तहरु अवलम्बन गरिनेछ ।

क) जहदा गाउँपालिकाको गाउँ सभा संचालन हुनु पूर्व गैससहरुको कार्यक्रम पेश गरी सभाबाट स्वीकृत भएं बमोजिम गर्ने, गराईने ।

ख) गैर सरकारी संस्थाहरुले लगानी गर्ने विषयगत क्षेत्र, बजेट तथा कार्य सम्पन्न गर्ने प्रक्रिया गाउँ सभाबाट पास गरेको हुनुपर्ने

ग) गैससले गर्ने कार्यक्रमहरु गाउँपालिकासँग समन्वय गरी सुरु हुनु अगावै यसको अवधारणा प्रष्ट र लक्षित समुदायसित छलफल भएको हुनुपर्ने

घ) जहदा गाउँपालिका क्षेत्र भित्र कार्य गर्ने गैससका कार्यक्रमहरु पारदर्शी, उत्तरदायी र लक्ष्यमूलक बनाउँदै लगिने छ ।

ङ) गैससले गर्ने कार्यक्रमहरु लक्षित वर्गको चाहना तथा आवश्यकता अनुसारको हुनुपर्ने ।

च) गैससले गर्ने कार्यक्रमहरुले दीगो विकासका लक्ष्यहरु हासिल गर्न मद्दत पुगेको हुनुपर्ने ।

विनोद कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

छ) स्थानीय सरकार संचालन ऐन, २०७४ को मूल मर्मलाई आत्मसात गर्नुपर्ने ।

२) संस्था संचालन सम्वन्धी निम्नानुसारको रणनीति अवलम्वन गरिनेछ ।

क) गैरसरकारी संस्थालाई गाउँ क्षेत्रको विकासको निम्ती विकासको साझेदारको रुपमा स्थापित गर्ने ।

ख) गैरसरकारी संस्थाका प्रमुख कार्यक्षेत्र यकिन गरि समन्वय र सहकार्यको आधारमा कार्यक्रम संचालन गरिने ।

ग) गैरसरकारी संस्थाहरुको कामको मूल्यांकन गरि प्रोत्साहन गर्दै लगिने ।

घ) गैससहरुलाई क्षमता विकास एवं कार्यहरुमा प्रवर्द्धनकारी भुमिका निर्वाह गरिनेछ ।

ङ) गैरसरकारी संस्थाहरुलाई लक्षित वर्ग, जोखिमग्रस्त समुदाय एवं पिछडिएको क्षेत्रमा एवं जहदा गाउँपालिकाले तोकेको प्राथमिकता प्राप्त क्षेत्रमा कार्य गर्न प्रोत्साहित गर्दै लगिने ।

३) गैर सरकारी संस्था संचालन सम्वन्धी नीतिहरुः-

उपरोक्त रणनीतिहरु पुरा गर्न निम्नानुसारको नीतिहरु अवलम्वन गरिनेछः

क) स्थानीय तहसंग भएको संझौताका आधारमा कुनै अध्ययन सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने ।

ख) आफ्नो वार्षिक योजना, कार्यक्रम तथा वजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने ।

ग) स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउने ।

घ) सामुदायिक तथा सार्वजनिक श्रोत र साधनमाथिको पहूँच तथा उपभोगमा गैसस, नागरिक समाजको साझेदारी र सहभागिता वृद्धि गर्ने ।

ङ) पिछडिएको वर्ग, क्षेत्र र समुदाय तथा महिलाहरु, ज्येष्ठ नागरिक एवं उत्पीडित समुदाय सामाजिक परिचालनको लागि विशेष कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिने ।

च) गैरसरकारी तथा निजी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

छ) गैससको दर्ता/नवीकरण प्रणाली सुदृढ गरी स्थानीय स्तरमा सुदृढ तथ्यांकमा आधारित सूचना व्यवस्था (Database) तयार गरी अभिलेख व्यवस्थित गर्न सघाउ पुर्‍याउने ।

ज) गैरसरकारी क्षेत्रबाट समाजले प्राप्त गर्ने तुलनात्मक लाभ, गै.स.स. प्रतिस्पर्धात्मक नवीन सोच र सिकाइहरूको अत्याधिक उपयोग गर्नमा मद्दत्त पुर्‍याउने ।

झ) गैससहरुको सुशासन, व्यवस्थापन र संस्थागत विकासमा सहयोग पुर्‍याउने ।

ञ) विकासको जिम्मेवार सहयात्रीको रुपमा पारस्परिक सहयोग वृद्धि गर्ने ।

ट) गैससहरुको कृयाकलापहरुलाई पारदर्शी बनाउन वित्तिय लेखापरिक्षण, सामाजिक परीक्षण, कार्यस्थलमा सार्वजनिक लेखापरीक्षण गरि सार्वजनिक गर्नुपर्ने ।

विनोद कुमार भ
प्रमुख प्रशासकीय अ



CamScanner

ठ) अर्धवार्षिक, वार्षिक रुपमा गैससहरुको कार्यक्रमको प्रगति प्रतिवेदन पेश गर्ने तथा प्रस्तुतिकरणको व्यवस्था अवलम्वन गराउने ।

## परिच्छेद ४

## गैरसरकारी संस्थाको कार्यक्षेत्र, प्रकार र गैससको भूमिका :

१) गैरसरकारी संस्थाहरुको कार्यक्षेत्र निम्नानुसार हुनेछ :

क) सामाजिक विकासको पूर्वाधार निर्माण सम्वन्धी क्रियाकलापहरु,

ख) जनचेतना वृद्धि गर्ने कार्यहरु,

ग) लक्षित वर्ग एवं पिछडिएको क्षेत्रको न्याय एवं विकासको लागि बहस, पैरवी गर्ने सम्बन्धी कार्यहरु,

घ) लक्षित वर्गको आय आर्जन क्षमता बढाउन कृषि, पशु, सीपमुलक तालीम सम्वन्धी कार्यहरु,

ङ) नागरिकको साक्षरता दर, शिक्षा, चेतना बढाउन अभियान वा विशेष कार्यक्रम संचालन गर्ने,

च) जनताको स्वास्थ्य, सरसफाई, प्राकृतिक श्रोतको संरक्षण, वातावरण जस्ता पक्षको प्रवर्धन गर्ने,

छ) लक्षित वर्गको मानव अधिकार, जोखिममा रहेका पक्षको राहत एवं पुनर्स्थापना गर्ने सम्बन्धी कार्यहरु,

ज) गैसस संचालन सम्बन्धी नीतिहरुलाई प्राथमिकता दिने,

झ) जलवायु परिवर्तन (Climate Change) को प्रभाव कम गर्न सहयोग पुर्याउने कार्यहरु,

ञ) खेलकुद सम्बन्धी अन्य कृयाकलापहरु,

२) उपदफा १ का अतिरिक्त गैरसरकारी संस्थाहरुको कार्यक्षेत्र मूख्यतः दलित, महिला, वृद्ध, अपांग, वालबालिका, एकल महिला, मुस्लीम, जनजाति, पिछडिएको वर्ग एवं क्षेत्रका समुदाय आदिलाई केन्दित गरी विपन्नता नक्सांकनमा पछाडि रहेका वर्गमा विशेष प्राथमिकताका साथ गैससहरुलाई परिचालन गर्न जोड दिइनेछ ।

३) गैरसरकारी संस्थाहरुको वर्गिकरण निम्नानुसार गरिनेछ :

क) पेशागत संस्थाहरु जस्तैः- तालिम, परामर्श तथा अनुसन्धान गर्ने संस्थाहरु

ख) सामुदायिक विकास सम्वन्धी संस्थाहरु

ग) महिला तथा वालवालीका सम्वन्धी संस्थाहरु

घ) मानव अधिकारको प्रवर्धन गर्ने संस्थाहरु

ङ) कृषि, वन, तथा वातावरण सम्वन्धी काम गर्ने संस्थाहरु

च) जन-स्वास्थ्य सम्वन्धी काम गर्ने संस्थाहरु

कुमार भण्डारी
प्रशासकीय अधिकृत

छ) गरिवी निवारण सम्बन्धीकाम गर्ने संस्थाहरु

ज) सार्वजनिक नीतिमा अध्ययन गर्ने सँस्थाहरु

झ) अन्य प्रकृतिका संस्थाहरु

४) जहदा गाउँपालिकाको भूमिका:

गाउँ क्षेत्रभित्र गैसस संचालन एवं व्यवस्थापन सम्बन्धमा जहदा गाउँपालिकाको भूमिका देहाय बमोजिम रहनेछ ।

१. सामाजिक विकासका लागि सहयोगीको भूमिका

२. आवधिक योजनाको लक्ष्य पूर्तिमा उत्प्रेरक, नियामक, सहजकर्ताको भूमिका

३. सामाजिक परिचालन र सहभागिता प्रवर्द्धनको भूमिका

४. दवाब समूहको रूपमा पारदर्शिता कायम गर्न तथा गरिबी न्यूनिकरण उन्मुख नीतिको तर्जुमा र कार्यान्वयन गर्न सहयोगीको भूमिका

५. स्थानीय तह र विषयगत शाखाहरूसितको निरन्तर सम्पर्क र अन्तरक्रिया तथा प्रक्रियात्मक सुधारमा सहयोगीको भूमिका

६. सरोकारवाला संस्थाहरूबीचको सम्पर्क र सिकाइ आदानप्रदानमा सहयोगीको भूमिका

७. समुदाय र सेवाबीच माग श्रृजनामा उत्प्रेरकको भूमिका

८. दलित एवं पिछडिएका वर्गको उत्थान र मूलप्रवाहीकरणमा सहजकर्ताको भूमिका

९. महिला, युवा, वृद्ध, असहाय, अशक्त र अपांगहरुको उत्थान/सशक्तिकरणका लागि सहजीकरणको भूमिका

१०. जलवायु परिवर्तन (Climate Change) को प्रभाव न्यूनिकरणका लागि सहजीकरणको भूमिका

## परिच्छेद ५

## गैरसरकारी संस्था संचालन समितिको गठन र यसको काम, कर्तब्य एवं अधिकार

१ जहदा गाउँपालिकाका गैरसरकारी संस्थाहरुको संचालन तथा व्यवस्थापन गर्ने उद्देश्य वमोजिम गाउँस्तरीय गैरसरकारी संस्था संचालन समितिको गठन गरिनेछ ।

क) संयोजक: गाउँपालिका अध्यक्ष

ख) सह संयोजक: गाउँपालिका उपाध्यक्ष

ग) सदस्य: ७ वटा वडामध्ये अध्यक्षले तोकेको ३ जना वडा अध्यक्ष

घ) सदस्य सचिव: प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत

ङ) सदस्यः संयोजकले तोकेको एक जना महिला कार्यपालिका सदस्य

ङ) सदस्यः सामाजिक विकास शाखा प्रमुख

च) सदस्य : गैसस महासंघ गाउँ कार्य समितिको प्रतिनिधि

छ) सदस्य : समितिले आवश्यकतानुसार विषय विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

द्रष्टव्यः माथि परिच्छेद ५ को खण्ड १ बमोजिम गठीत गैर सरकारी संस्थाले जहदा गाउँपालिकामा स्वीकृतीका लागि पेश हुन आउने आयोजना, परियोजनाहरुको अध्ययन गरि स्वीकृतिका लागि सिफारिस गर्ने काम समेत गर्नेछ ।

२ गैसस संचालन समितिको काम, कर्तब्य र अधिकार :

क) गैरसरकारी संस्थाहरु परिचालन सम्बन्धी नीति तर्जुमा एवं समसामयिक कार्यक्रमहरु परिमार्जन गरी स्वीकृतीका लागि जहदा गाउँपालिकाको कार्यपालिकामा पेश गर्ने,

ख) गैससहरुका बजेट तथा कार्यक्रमहरु तर्जुमा गरि स्वीकृतिका लागि जहदा गाउँपालिकाको कार्यपालिकामा पेश गर्ने,

ग) गैससहरुको क्षमता विकासमा सहयोग पुर्याउने,

घ) गैससहरुको अनुगमन उनीहरुका कार्यको मूल्यांकन गरि उत्कृष्ट कार्य गर्नेलाई पुरस्कार र नराम्रो कार्य गर्नेलाई उचित नियमनका उपायहरु अपनाउने,

ङ) गैससका कार्यहरुको मूल्यांकनका आधार, सुचक, एवं कार्यविधि र ढाँचा समेत तयार गर्ने,

च) गैससहरुको परिचालन एवं व्यवस्थापन सम्वन्धी आवश्यक फारम, ढाँचा, कार्यविधि तयार गर्ने,

झ) अन्य :

१. गैसस सम्बन्धी नीति नियम/कार्यविधि/विनियम तय गरी गैसस संचालन समितिवाट पास भै गाउँ सभाबाट स्वीकृत गराई लागु गर्ने तथा गराउने ।

२. गैससको सक्रिय सहभागिताका लागि संरचना र प्रक्रिया निर्धारण गर्ने र गाउँ सभाबाट स्वीकृत गराउने।

३. गैससका कार्यक्रम तयार गर्ने, त्यस्ता कार्यका लागि वित्तीय र प्राविधिक श्रोत जुटाउने र वार्षिक कार्यक्रममा समावेश गर्ने ।

४. पिछडिएका वर्ग र क्षेत्रका महिला तथा वालवालिकाको हित र लैङ्गिक समानता जस्ता सामाजिक विषयहरुमा कार्यक्रमहरु कार्यान्वयन तथा अनुगमनका लागि गैससहरुसँग समन्वय गर्नुका साथै आवश्यक सहयोग पुर्‍याउने ।

५. गैसस संलग्न रहेको कार्यक्रमहरुको सुपरिवेक्षण, अनुगमन तथा समीक्षा गरी प्रतिवेदन सम्वन्धित समितिमा पेश गर्ने ।

विनोद कुमा
प्रमुख प्रशास



CamScanner

६. गैससहरुको लेखापरीक्षण, सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण र बार्षिक प्रतिवेदनहरुको अभिलेख र विश्लेषण गर्ने ।

७. क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न जहदा गाउँपालिकासंग समन्वय गर्ने ।

८. गैसस सम्बन्धी तथ्याङ्क, सूचना सकंलन गर्ने वा सो कार्यमा सहयोग र समन्वय गर्ने ।

९. जिल्ला समन्वय समिति/जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी गैसस एवं तिनका गतिविधि र कार्यक्रमहरु र अभिलेख राख्ने, गैससहरुको वर्गीकरण तथा सूचीकृत गर्ने र तथ्यांक अभिलेख राख्न आवश्यक सहयोग गर्ने ।

१०. बार्षिक कार्यक्रमहरु गाउँसभामा पेश नगर्ने, स्वीकृत नभई कार्य गर्ने गैससहरुको नविकरण रोक्का राख्ने ।

११. स्थानीय स्तरमा गठन भएका सामुदायिक संघ-संस्थाहरुको प्रवर्द्धनमा सहयोग र समन्वय गर्ने ।

१२. गैसस, उपभोक्ता समूह, सामाजिक संस्थाहरूलाई विषयगत आधारमा वर्गीकरण गरी सूचीकृत गर्ने ।

१३. आवश्यकतानुसार कार्य संचालन गराउन संचालन समितिले कार्यदल गठन गर्न सक्ने र विशेष सेवा लिन सक्ने ।

१४. आवश्यकतानुसार कार्यदलको काम, कर्तव्य र अधिकार तोक्ने ।

१५. जहदा गाउँपालिका अन्तर्गत कार्यरत गैससहरुको गाउँ कार्यसमितिको प्रतिनिधि र अन्य सँग संस्थाहरुसँग समन्वय गर्ने ।

१६. गैसस सहयोगी दाताहरु (Donors) को पहिचान गरी यस समितिले गाउँ गैसस महासंघमार्फत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरुसंघ पहुंच वढाउने ।

## परिच्छेद ६

## गैससका कार्यक्रमको अनुगमन एवं मूल्यांकन

१. गैरसरकारी संस्था एवं उनीहरुको कार्यको अनुगमन एवं मूल्यांकन निम्नानुसार हुनेछ :

क) गैरसरकारी संस्थाहरुवाट सम्पादित कार्यहरुको अनुगमन तथा मुल्याङ्कन सम्बन्धीत संस्थाले गैसस संचालन समितिमार्फत निरन्तर रुपमा गराउनु पर्नेछ । अनुगमन सम्बन्धी सम्पूर्ण खर्चहरु सम्वन्धीत संस्था आफैले व्यहोर्नु पर्नेछ ।

ख) उपरोक्तानुसार भएको अनुगमन एवं मूल्यांकनको आधारमा प्राप्त प्रतिवेदन अनुसार गैससहरुले उनीहरुको कार्यमा सुधार ल्याउनु पर्नेछ ।

विनोद कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

ग) गैससहरुको नियमित अनुगमन गर्न, कार्यमा दोहोरोपना हटाउन, आपसी समन्वय एवं कार्य साझेदारीलाई प्रवर्धन गर्न जहदा गाउँपालिका एवं गैसस संचालन समितिले एक संयुक्त कार्यदल गठन गरी निरन्तर अनुगमन प्रणालीको स्थापना गर्नेछ ।

घ) गैसस संचालक समितिले गैससका कार्यको अनुगमन एवं मूल्यांकन गर्न सोको आधार, सुचक, अन्य उपयुक्त विधिहरु समेतको विकास गरि सो आधारमा उनिहरुको कार्य, उद्धेश्य र उपलब्धि बीचको सम्वन्ध समेतको विश्लेषण गरि अनुगमन एवं मूल्यांकन गर्नेछ ।

२ गैससहरुले संचालन गरेका कार्यक्रमहरुको सम्वद्ध निकायहरुको सहभागितामा संयुक्त अनुगमन एवं नियमित अनुगमन गर्ने व्यवस्था गैसस संचालन समितिले मिलाउनु पर्नेछ । अनुगमन पश्चात अनिवार्य रुपमा अनुगमन प्रतिवेदन तयार गरि संचालन समितिमा पेश गरि सो उपर छलफल गरी समितिले पृष्ठपोषण गर्नुपर्नेछ । यस्तो पृष्ठपोषण सम्वन्धीत संस्थाले पालना गर्नुपर्नेछ ।

## परिच्छेद ७

## गैरसरकारी संस्थाको प्रवर्धन, क्षमता विकास र नियमन

७.१ गैससहरुको प्रवर्धन, क्षमता विकास र नियमन निम्नानुसार गरिनेछः

क) गैससको स्थापना, दर्ता, नविकरण जस्ता कार्यमा गैसस महासंघ गाउँ कार्य समितीले सहजीकरण गर्ने छ एवं कार्यहरुको सरलीकरण गर्न सहयोग गर्ने छ ।

ख) गैससका कार्यलाई सहजीकरण गर्न जहदा गाउँपालिकामा गैसस कक्ष स्थापना गरिने छ ।

ग) गैससहरुको कार्यको मूल्यांकन गरि उत्कृष्ट कार्य गर्ने संस्थालाई प्रशंसापत्र, नगद वा अन्य पुरस्कार दिइनेछ र उद्देश्य विपरित कार्य गर्नेलाई नविकरण कार्य रोक्का राखिनेछ ।

मुल्याङ्कनका आधारहरु:

१. संस्थाको दीर्घकालीन सोच, उद्देश्य र रणनीति प्रष्ट उल्लेख भएको ।

२. संस्थाको कार्यक्रमको दीगोपनावारे सम्वद्ध जनशक्तिलाई जानकारी भएको ।

३. गैसस सुशासन, व्यवस्थापकीय पक्ष र व्यवहार स्पष्ट भएको

४. संचालित वा सम्पन्न कार्यहरूको राम्रो अलिभेख भएको ।

५. सूचना तथा संचार र प्रतिवेदन प्रणाली व्यवस्थित भएको ।

६. स्थानीय स्रोत र साधनको अधिकतम परिचालन भएको ।

७. कार्यहरू संख्यात्मक मात्र नभई गुणात्मक पनि भएको ।

विनोद कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

८. आन्तरिक र बाह्य सम्बन्ध राम्रो भएको ।

९. सूचकहरूको स्पष्टता र कार्ययोजना भएको ।

१०. कार्यहरू तोकिएको समयमा सम्पन्न भएको ।

११. कार्यहरूमा सुशासन, पारदर्शिता, नियमितता र नेतृत्व प्राप्त भएको ।

१२. वार्षिक रुपमा सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण तथा लेखा परीक्षण भएको ।

१३. अन्य आवश्यक सुचकहरु समितीले बनाई अवलम्बन गरीएको ।

१४. स्थानीय सरकारसँग साझेदारी एवं समन्वय गरेको ।

घ) गैसस वा संलग्न जनशक्तिको क्षमता विकासको लागि गैसस संचालन समितीले गैसस महासंघ गाउँ कार्य समितीको समन्वयमा आवश्यक योजना बनाई जहदा गाउँपालिकाको कार्यालयमा पेश गर्नेछ र स्वीकृत भएपछि सो अनुसारका क्षमता विकासका कार्यक्रमहरु लागु गर्नेछ ।

ङ) गैससहरुको नियमन गर्दा नकरात्मक विधि भन्दा सहजकारी, उत्तरदायिपूर्ण र सकरात्मक वातावरण सिर्जनाका माध्यमवाट गरिनेछ ।

च) गाउँभित्रका एवं वाह्य सहयोगदाताहरुलाई गैससमार्फत कार्यक्रम कार्यान्वयन गर्न उचित पैरवी समेत तत्परताका साथ गरिनेछ ।

७.२ गैससको आचारसंहिता :

गैससहरुको सामाजिक मर्यादा र जिम्मेवारी उच्च बनाउन अन्य कुराका साथै गैसस गाउँ महासंघद्वारा तयार पारिएको आचार संहिता समेतको गैससहरुबाट पालना हुने अपेक्षा राखिएको छ । उनीहरुको कार्यको मुल्यांकन गर्दा यस आचारसंहिता पालनाको स्तर समेतलाई आधार मानीनेछ ।

७.३ यो संचालन निर्देशिकामा कुनै कुरा अस्पष्ट भएमा वा विवाद सृजना हुन गएमा संचालन समितिको निर्णय अन्तिम हुनेछ ।

७.४ व्याख्या तथा संसोधनः यो निर्देशिकाको व्याख्या गर्ने अन्तिम अधिकार जहदा गाउँपालिकामा निहीत रहनेछ । यो निर्देशिकालाई गाउँ कार्यपालिकबाट मात्र संशोधन गर्न सक्नेछ ।

७.५ वाधा अड्काउ फुकाऊः यो निर्देशिकामा कुनै वाधा अड्काउ पर्न आएमा सो वाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

आज्ञाले

विनोद कुमार भण्डारी

प्रमुख प्रशासकीय अधिकृत